निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL



## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# समावेशीता र निर्वाचन

रातो रङ्गको - सबै भन्दा सजिलो
प्याजी रङ्गको - ठिकै (सजिलै)
निलो रङ्गको - अलि गाह्रो
यो किताब रातो तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचन
- मतदान
- लोकतन्त्र
- समावेशीता र निर्वाचन
- मतादाता नामावली

निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# समावेशीता र निर्वाचन

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०
फ्याक्स: (९७७ -१) - ४२२९२२७/४२२५५८०
इमेल: info@election.gov.np
वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल
सर्वाधिकार सुरक्षित
प्रथम संस्करण : वि.सं. २०७६
ISBN: ९७८९९३७-७३८-१५-६

# विषय सूची


| विषय | पेज |
| --- | --- |
| समावेशीता र निर्वाचन | १ |
| छलफलका लागि प्रश्नहरू | १६ |

# समावेशीता र निर्वाचन

उम्मेद्वार परिचय कार्यक्रम भइरहेको छ । गाउँ नजिक डाँडाको चौतारामा समुदायका सबै सदस्यहरू जम्मा भइसक्नु भएकोछ ।




यस निर्वाचनमा यस वडाबाट उठेका सबै राजनीतिक दलका उम्मेद्वारलाई सामुदायीक संस्थाले पालैपालो परिचय कार्यक्रम राखेको छ । यसै सिलसिलामा आज पालोपरेको दलका

वडा अध्यक्ष र अरु दुईजना सदस्यले आफू वडामा उठ्नुको कारण सहित आफ्नो परिचय दिइसकेका छन् ।



कार्यक्रममा अब बोल्ने पालो महिला सदस्यको रुपमा उठ्नु भएकी शुभद्राको छ । उठेर अप्ठ्यारो गरी शुभद्राले माइक समात्नु भयो । बिस्तारै आफ्नो परिचय दिनुभयो । अबको पालो थियो फुलदेवीको । उहाँलाई उठेर बोल्ने

हिम्मत नै भएन । धेरै कर गरेपछि अप्ठ्यारो मान्दै उठ्नुभयो । नाम भन्दा हडबडाइरहनु भएको थियो । बल्लतल्ल आफ्नो नाम भनेर बस्नुभयो ।



कार्यक्रम सम्पन्न भयो । तर, उहाँलाई नाम भन्न समेत अप्ठ्यारो लागेको कुराले नरमाइलो लागेको थियो । त्यस क्षणलाई संझदै उहाँ भन्नुहुन्छ "मलाई उठेर बोल्दा अत्यन्त लाज

लाग्यो । उठेर बोल्ने आँटै आएन । बल्लतल्ल माइक त समातें तर बोल्ने कुरै बिर्सिएछु !”

आज त्यही दलले चुनाव जितेको छ । विजय जुलुस आउँदै थियो । चौतारामा समुदायका सदस्यहरू फूल र अबिर लिएर बसेका छन् । जुलुस त्यहाँ आइपुग्यो । विजयी टोलीलाई स्वागतको कार्यक्रम भयो ।

वडा अध्यक्षले बोलिसके पछि समग्र महिलाको प्रतिनिधित्व गर्दै शुभद्राले समाजमा हुने महिला विभेद अन्तका लागि आफू अगाडि बढ्ने र सबैले साथ दिन आह्वान गर्नुभयो । शुरुमा आफ्नो नाम भन्न समेत डराउने शुभद्राले आज धक नमानी आफ्ना कुरा राख्नुभयो ।



दलित महिला सिटबाट चुनाव जितेकी फुलदेवीले पनि माइक समातेर आफुलाई चुनाव जिताएकोमा धन्यवाद दिंदै दलित र उत्पीडित समुदायका लागि आफूले निरन्तर काम गर्ने प्रतिवद्धदता जनाउनु भयो ।

आज निर्वाचन भएको पनि दुई वर्ष बितेको छ । वडाका महिला सदस्यहरूका लागि तीन दिने कानुनी साक्षरता सम्बन्धी तालिम राखिएको थियो ।





आज तालिम समापनका दिन शुभद्राले- “हाम्रो वडालाई महिला हिंसा मुक्त वडा घोषणा गर्नुपर्नेछ । यसका लागि पहिला त जुवातास विरुद्धको अभियान चलाउन आवश्यक छ । यो अभियानमा तपाईंहरू सबैले मलाई साथ दिनुहुनेछ भन्ने विश्वास लिएको छु । साथै तपाईंहरूको साथ पाएमा महिला सचेतनासँगै सीप विकास र आय आर्जन कार्यक्रम पनि चलाउन सकिन्छ” भन्नुभयो ।

सोही कार्यक्रममा फुलदेवीले "यस वडामा अब जातका आधारमा कुनै पनि मानिसले हेपिएर बस्नु पर्दैन । हाम्रो वडामा छुवाछुत तथा विभेदको अन्त गर्छौं । कसैले कसैमाथि छुवाछुत तथा विभेद गर्नु हुँदैन र यदि गरेको कहीं देखियो भने हामी तिनीहरूलाई कानुनी कठघरामा उभ्याउने छौं । म तपाईंहरूको साथ छु ।" भन्नुभयो ।



उहाँले “हामीले लक्षित समूहका महिलाहरूलाई भनेर सीप विकासका कार्यक्रम ल्याउँदै छौं । साथै हामीले आगामी वर्षसम्म यो वडालाई जातीय भेदभाव र छुवाछुत मुक्त बनाउनु पर्छ । यसमा मलाई तपाईहरूले साथ दिनु हुने छ भन्ने विश्वास लिएकी छु ।” भन्नुभयो ।



पहिला आफ्नो नाम भन्न पनि लाज मान्ने फुलदेवी आज समुदायको अभिभावकको रुपमा देखिन पुग्नु भएको छ । दलित र उत्पीडित

समुदायको आशाको केन्द्र बन्न सक्नु भएको छ । यो परिवर्तनको सुरुवात निर्वाचनमा गरिएको समावेशिताको व्यवस्थाका कारण भएको हो ।


समावेशीकरणले विपन्न, दलित, महिला, अल्पसंख्यक, अपाङ्गता भएका र पछाडि पारिएका (परेका) वर्ग समुदायलाई प्रतिनिधित्वको माध्यमबाट शासनमा सहभागी गराउँछ । सबै वर्गको आर्थिक, सामाजिक, राजनैतिक र साँस्कृतिक अवसरमा पहुँच दिलाउँछ । फुलदेवीमा आएको परिवर्तनले यो समुदायलाई चेतनाको उज्यालो दिएको छ ।




समावेशीकरणले कमजोर वर्ग, समुदाय, जातको पहिचान गर्छ । उनीहरूका लागि आधारभूत सेवा सुविधा दिन्छ । नयाँनयाँ अवसरहरू सिर्जना गर्छ । कामको कदर गर्छ । उनीहरूलाई सम्मान दिने व्यवस्था गरेको हुन्छ ।

निर्वाचनमा समावेशीता नहुँदो हो त विपन्न, दलित, महिला, अल्पसंख्यक, अपाङ्गता भएका, पछाडि पारिएका (परेका) वर्गले निर्वाचनमा

उम्मेद्‌वारी दिन पाउँदैन थिए । उनीहरूको आवाज निर्णयक तह सम्म कहिल्यै पनि पुग्न सक्दैन थियो ।




सबैले काम गर्न सक्छन्‌ भन्ने मान्यता अनुसार निर्वाचनमा समावेशीकरण भएकोले अवसरबाट बञ्चित वर्गहरूको समस्या समाधानको बाटो खुलेको छ । उनीहरूको सहभागिता, अवसर र क्षमता विकास जस्ता कुरा अगाडि बढिरहेको छ। त्यसैले समाजद्वारा पछाडि

पारिएका समुदाय वा जातिको सहभागिता, नेतृत्व विकास, स्रोत साधनमा पहुँच बढाउनका लागि निर्वाचनमा समावेशीताको आवश्यकता हुन्छ ।

हाम्रो संविधानले नै निर्वाचनमा समावेशीता अनिवार्य गरेको छ। सोही अनुसार निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात गरी निर्वाचनका तीन वटै चरणहरूमा समावेशीकरण अनिवार्य हुन्छ। समावेशीताले गर्दा नै वडामा एक जना दलित महिला समेत गरी दुई जना महिला अनिवार्य समावेश भएका छन्। यी तीनै चरणमा समावेशीता नहुने हो भने त महिला, आदिवासी जनजाति, अल्पसंख्यक, उत्पीडित तथा पछाडि पारिएका (परेका) समुदायहरू आफ्ना हक अधिकारबाट बञ्चित हुने थिए। तर यी तीनै चरणमा समावेशीताले गर्दा

उनीहरूको अधिकार संरक्षण भएको छ । गाउँ कार्यपालिकामा चार जना महिला र दलित वा अल्पसंख्यक समुदायबाट दुई जना गाउँसभाले निर्वाचित गर्ने र नगर कार्यपालिकामा पनि ५ जना महिला र दलित वा अल्पसंख्यक समुदायबाट ३ जना नगर सभाले निर्वाचित गर्ने व्यवस्था भएअनुसार लक्षित समुदायले आफ्ना प्रतिनिधित्व जनाइरहेका छन् ।



निर्वाचनमा समावेशीकरणले गर्दा नै नेतृत्व क्षमता विकास गर्ने अवसर प्राप्त हुन्छ । समुदायको आवश्यकता पहिचान गर्न सक्नु, त्यस अनुसारको योजना निर्माण गर्नु, स्रोतको खोजी गर्नु र स्रोतमाथि हस्तक्षेप गर्न सक्नु जस्ता क्षमताको विकास सम्भव हुन्छ ।



निर्वाचनमा समावेशीकरणले समाजमा रहेको विविधतालाई सम्बोधन गर्छ। पहिचानका लागि सहयोग गर्छ । पहिचान गरिएकाहरूको छुट्टा छुट्टै समूह बनाउँछ । उनीहरूलाई स्वस्फूर्त रुपमा अगाडि बढ्न अवसर प्रदान गर्छ। यही समावेशीकरणले गर्दा आज विभिन्न वर्ग, क्षेत्र, जातजाति र समुदायका आवाजहरू गाउँगाउँ, बस्तीबस्तीबाट उठ्ने गरेका छन् । त्यसैले निर्वाचनको माध्यमवाट समग्र देश विकासको लागि समावेशीताको आवश्यकता छ ।

## छलफलका लागि प्रश्नहरू

१. गाउँ नजिक डाँडाको चौतारामा समुदायका सबै सदस्यहरू किन जम्मा भएका हुन् ?

२. समग्र महिलाको प्रतिनिधित्व गर्दै शुभद्राले के भन्नुभयो ?

३. तालिम समापनका दिन फुलदेवीले के भन्नुभयो ?

४. फुलदेवी पहिला कस्तो हुनुहुन्थ्यो र अहिले कस्तो हुनुहुन्छ ?

५. फूलदेवीमा यो परिवर्तन कसरी आएको होला ?

६. निर्वाचनमा गरिएको समावेशीताले के कस्तो परिवर्तन ल्यायो ?

७. निर्वाचनमा समावेशीता नहुने हो भने के हुन्थ्यो होला ?

८. संविधानले निर्वाचनमा समावेशीता अनिवार्य गरेकोले के भएको छ ?


९. निर्वाचनमा समावेशीताले गर्दा कस्को अधिकार संरक्षण भएको छ ? र कसरी ?

१०. तपाईंहरुले समावेशीतालाई कसरी बुझ्नु भएको छ ? आ–आफ्नो बुझाइ भन्नुहोस् ।

# मतपत्रमा छाप कसरी लगाउने ?

मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औंठाको छाप वा अन्य किसिमको सङ्केतहरु गर्नु हुँदैन ।

स्वस्तिक छाप लगाउँदा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रुपमा देखिने गरी र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।




# मत कसरी बदर हुन्छ ?



कोठा बाहिर छाप लगाएमा



दुइओटा चिन्हका बीचमा छाप लगाएमा



स्वस्तिक छापको सट्टा औंठाछाप वा अन्य छाप वा सङ्केत प्रयोग गरेमा



एउटा मतपत्रमा एकभन्दा बढी चिन्हमा छाप लगाएमा




चिन्ह नबुभिने गरी छाप लगाएमा



मतदान अधिकृतको सहि नभएको मतपत्र प्रयोग गरेमा

मतदान गर्दा राम्ररी ध्यान नदिए हाम्रो अमूल्य मत बदर हुन सक्छ

# फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न निम्न शर्तहरू अवश्य पूरा गर्नुपर्दछ




क) नेपाली नागरिक भएको हुनुपर्छ ।

ख) १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति हुनुपर्दछ ।

ग) कुनै निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकामा स्थायी बसोबास गरेको हुनुपर्दछ ।

घ) सक्कल नागरिकता लिएर जानु पर्दछ, व्यक्ति पनि आफै उपस्थित हुनु पर्दछ ।

ङ) जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा पनि मतदाता नामावली दर्ताको काम हुन्छ ।

# सहयोगी

Educational Resource And Development Center Nepal 2061

United Nations Educational, Scientific and Cultural Organization
संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

Sustainable Development Goals
दिगो विकास लक्ष्यहरू

Kathmandu Office

ESP is supported by

European Union

UNDP
Empowered lives.
Resilient nations.

---

*यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।*